# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७८।०३।३१ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

महानगरीय प्रहरी बृत्त नयाँबानेश्वरमा कार्यरत प्र.ह. तारा कुमारी श्रेष्ठले भन्सार चोरी निकासीको अभियोगमा त्रिभुवन विमानस्थल भन्सार कार्यालय गौचर काठमाडौंले महानगरी प्रहरी बृत्त गौशालाको हिरासतमा राखेको व्यक्तिलाई धरौटीमा छुटाई दिन्छु भनी सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरी निवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगालबाट खटि गएको टोलीद्वारा निज तारा कुमारी श्रेष्ठलाई सेवाग्राहीबाट घुस/रिसवत लिई Old Town Café and Pub Restaurant Chabahil का संचालक अनिश जोशीलाई राख्न दिएको अवस्थामा उक्त रकमसहित निजहरु दुवैलाई मिति २०७७।११।२३ गते नियन्त्रणमा लिइएको थियो ।

अनुसन्धानको सिलसिलामा महानगरीय प्रहरी बृत्त नयाँबानेश्वरमा कार्यरत प्र.ह. तारा कुमारी श्रेष्ठले थुनामा रहेको व्यक्ति धरौटीमा छुटाईदिने भनी सेवाग्राहीबाट रु.६०,०००।— घुस/रिसवत माग गरी अनिश जोशीलाई लिन लगाई आफूले अनिशबाट उक्त रकम लिने गरी गरिएको प्रस्तुत कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरजन्य कार्य भएकोले निज तारा कुमारी श्रेष्ठ उपर बिगो रु. ६०,०००।- (साठी हजार रुपैयाँ) कायम गरी ऐ. ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ग) बमोजिम सजाय हुन मागदाबी लिइएको छ ।

यसै गरी अनिश जोशीले तारा कुमारी श्रेष्ठले भनेबमोजिम थुनाबाट छुटाउन भनी सेवाग्राहीबाट तारा कुमारी श्रेष्ठको लागि रु.६०,०००।- लिएको प्रमाणित हुन आएको र निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (२) बमोजिमको कसुरजन्य कार्य भएकोले निज उपर बिगो रु.६०,०००।- (साठी हजार रुपैयाँ) कायम गरी ऐ. ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ग) बमोजिम सजाय हुन मागदाबी लिइएको छ ।

साथै थुनामा रहेको व्यक्ति छुटाउन भनी सेवाग्राहीबाट अनिश जोशीले लिई तारा कुमारी श्रेष्ठलाई दिएको रु.६०,०००।— मध्येबाट त्रिभुवन बिमानस्थल भन्सार कार्यालयका कार्यालय सहयोगी (करार) को रूपमा कार्यरत राम खड्काले तारा कुमारी श्रेष्ठबाट रु.३०,०००।- लिएको पुष्टि हुन आएकोले निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुरजन्य कार्य भएकोले निज राम बहादुर खड्का उपर बिगो रु.३०,०००।-(तीस हजार रुपैयाँ) कायम गरी ऐ. ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ख) बमोजिम सजाय हुन मागदाबी लिई अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १८ र दफा ३५ बमोजिम आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
नारायण प्रसाद रिसाल